## १०९ कार्यपालिका बैठक (मिति २०८२।०१।३१ गते)

**प्रस्तावहरू :**

१. नगर कार्यपालिकाका विगतका निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. सामाजिक सुरक्षा नपुग रकम माग सम्बन्धमा ।
३. आर्थिक विकास समितिको निर्णय अनुमोदन सम्बन्धमा।
४. कुकुर बन्ध्याकरण शिविर सम्बन्धि वडा छनौट सम्बन्धमा।
५. विभिन्न विद्यालयहरुमा कक्षा ११ संचालनको अनुमती माग सम्बन्धमा ।
६. विदुर नगरपालिका सार्वजनिक क्षेत्र सम्बन्धी मापदण्ड, २०८२ सम्बन्धमा ।
७. PCL नर्सिङ कार्यक्रम संचालनको भवन छनौट सम्बन्धमा ।
८. विविध

क) योजना फरफारक सम्बन्धमा ।
ख) उपप्रमुख समेतको बैदेशिक भ्रमण स्वीकृति सम्बन्धमा ।
ग) क्रिकेट रंगशाला निर्माण स्थल सम्बन्धमा ।
घ) संघ, प्रदेश, र जिल्ला तहका योजनाको भुक्तानी सम्बन्धमा ।
ङ) चन्द्रज्योती मा. वि. को जग्गा भाडामा दिने सम्बन्धमा।
च) गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण सम्बन्धमा ।
छ) कोशेली घरको निर्माण,मर्मत सम्भार वा फर्निसिङ सम्बन्धमा ।
ज) कृषि हाट बजारको नामाकरण सम्बन्धमा ।

**१.नगर कार्यपालिकाका विगतका निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।**

- नगर कार्यपालिकाबाट भएका अधिकांश निर्णयहरु कार्यान्वयन भइसकेका, केही निर्णयहरु कार्यान्वयन भइरहेका र बाँकी निर्णयहरु कार्यान्वयन हुने क्रममा रहेको हुँदा यस कार्यमा नगर कार्यपालिकाका सबै सदस्यहरुले आवश्यक सहयोग, सहकार्य र अनुगमन गर्नुका साथै सम्बन्धित शाखा प्रमुखहरुलाई निर्णयानुसारकार्यान्वयन गर्न बाँकी कार्यहरु विधि र प्रक्रिया पुर्याएर उपलब्ध स्रोतका आधारमा कार्यान्वयन गर्दै लैजान निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

**२.सामाजिक सुरक्षा नपुग रकम माग सम्बन्धमा ।**

- आर्थिक वर्ष २०८१/०८२ को लागि सामाजिक सुरक्षा रकमको लागि राष्ट्रिय परिचय पत्र तथा पन्जिकरण विभागले दिएको अख्तियारी अनुसार जम्मा रु २५ करोड ३८ लाख २५ हजारको अख्तियारी प्राप्त भएकोमा तेश्रो चौमासिक रकम २० करोड ४९ लाख २७ हजार ६ सय ९६ खर्च भएको र चौथो त्रैमासिकको लागि रु ६ करोड ९६ लाख ४५ हजार ५ सय ६० आवश्यक पर्ने हुँदा नपुग रकम रु ३ करोड राष्ट्रिय परिचय पत्र तथा पन्जिकरण विभागमा माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**३. आर्थिक विकास समितिको निर्णय अनुमोदन सम्बन्धमा।**

- मिति २०८२/०९/२२ गतेका दिन यस विदुर नगरपालिका कार्यालयमा आर्थिक विकास शाखा अन्तर्गतका विभिन्न कार्यक्रम हेर्नको लागि गठित **आर्थिक विकास समितिका संयोजक श्री निलमबाबु ढुंगेलज्युको** संयोजकत्वमा बसेको बैठकमा तपसिलको उपस्थितिमा बसेको बैठकको निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

**उपस्थिति :**

संयोजक: श्री निलमबाबु ढुंगेल, वडा अध्यक्ष, वडा नं ४
सदस्य: श्री कमल श्रेष्ठ, वडा अध्यक्ष, वडा नं ८
सदस्य: श्री शिव बहादुर बि .क., वडा / कार्यपालिका सदस्य, विदुर न.पा. ७
सदस्य: श्री सिताराम मिजार, वडा/ कार्यपालिका सदस्य, विदुर न.पा. ९
सदस्य सचिव: श्री सुदर्शन सेढाई, अधिकृत छैठौं, विदुर न.पा.

**विषेश आमन्त्रित :**

श्री राजन श्रेष्ठ – नगर प्रमुख
श्री प्रभा बोगटी – नगर उपप्रमुख-
श्री सुभाकर पौडेल– प्रमुख प्रशासकीय अधिकृत

**आमन्त्रित :**

श्री प्रकाश बोगटी - लेखा अधिकृत
श्री सविना बोगटी - कृषि अधिकृत
श्री सविता घिमि- कृषि प्रा.स.
श्री मदनराज न्यौपाने - कृषि प्रा.स.
श्री सन्तोष थपलिया - कृषि ना.प्रा.स.

**प्रस्तावहरु :**

१. फलफूल प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धमा|

**निर्णयहरु :**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा .यस नगरपालिकाको आ ८२ को वार्षिक स्वीकृत आन्तरिक तर्फको/२०८१ .व. फलफूल प्रवर्द्धन कार्यक्रमसञ्चालनका लागि प्रदेश तथा स्थानीय तहमा सर्शत वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ बमोजिम सञ्चालन गर्ने तथा उक्त कार्यविधिमा नसमेटिएका मापदण्ड तथा क्रियाकलापहरु तपसिल बमोजिम तयार गरी १५ दिने प्रस्ताव आह्वानको सूचना प्रकाशन गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय कार्यपालिकाबाट अनुमोदन गर्ने निर्णय गरियो।

**तपशिल:**

- फलफूल खेती प्रवर्द्धन कार्यक्रमका लागि आवेदन दिने कृषकको हकमा कम्तिमा २ रोपनी क्षेत्रफलमा
- कृषक समूह सहकारी स्वंयमले खेती गर्न चाहेमा कम्तिमा ५ रोपनी क्षेत्रफलमा,
- कृषक समूह / सहकारी मार्फत आवेदन दिने कृषक सदस्यको हकमा प्रत्यक ईच्छुक सदस्यले कम्तिमा २ रोपनी क्षेत्रफलमा फलफूल खेती गर्नु पर्नेछ।
- फलफूल खेती प्रवर्द्धन कार्यक्रममा आबद्ध हुन ईच्छुक आवेदकहरुले मापदण्ड बमोजिमको न्यूनतम क्षेत्रफलमा कुनै एकै किसिमको तथा फरकफरक किसिमका फलफूल खेती गर्न सक्नेछन।

CS CamScanner

**४. कुकुर बन्ध्याकरण शिविर सम्बन्धि वडा तोक्ने सम्बन्धमा।**

- यस कार्यालयको आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार आन्तरिक श्रोत तर्फको सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रममा रु ३,००,०००| (तीन लाख) विनियोजन रहेको हुँदा संघीय सरकारले ल्याएको रणनीति" Zero death by 2030 AD" को लक्ष्य हासिल हुन सहयोग पुग्ने गरी विदुर नगर क्षेत्रभित्र रहेका विशेष गरी रेविज रोग संक्रमण देखिएको बजार क्षेत्रलाई प्राथमिकता दिई वडा २ ४ ५ ९ र १० छनौट गरी सामुदायिक कुकुरमा बन्ध्याकरण कार्यक्रम संचालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**५. विभिन्न विद्यालयहरुमा कक्षा ११ संचालनको अनुमती माग सम्बन्धमा ।**

क) विदुर नगरपालिका शिक्षा समितिबाट सिफारिस भई आएका स्पार्कल इन्टरनेशनल बोर्डिङ स्कुल (वि.न.पा.–९), नेशनल वेथेल एकेडेमी (वि.न.पा.-९), र सुभेनियर बोर्डिङ स्कुल (वि.न.पा.-२) मा कक्षा ११ सञ्चालनको प्रस्ताव सम्बन्धमा विद्यालयहरूले तोकिएको मापदण्ड पुरा गरी शिक्षा शाखामार्फत प्रस्ताव पेश गर्नुपर्ने।

ख) उक्त प्रस्तावहरूको अध्ययन, मूल्यांकन तथा सिफारिसका लागि विदुर नगरपालिका वडा नं १ का अध्यक्ष श्री लेलिन रञ्जितको संयोजकत्वमा तपसिलमा उल्लिखित सदस्य रहने एक समिती गठन गर्ने र सदस्य सचिबको जिम्मेवारी शिक्षा शाखा प्रमुखलाई दिने सर्वसम्मत निर्णय गरियो।

**तपसिलः**

संयोजक: श्री लेलिन रञ्जित —वडा अध्यक्ष, वडा नं १

सदस्य: श्री गणेश नेपाल — वडा अध्यक्ष, वडा नं २

सदस्य: श्री हरिराम भण्डारी — वडा अध्यक्ष, वडा नं ९

सदस्य सचिव: श्री नवराज सापकोटा — अधिकृत सातौं, शिक्षा शाखा

**६ विदुर नगरपालिका सार्वजनिक क्षेत्र सम्बन्धी मापदण्ड २०८२ सम्बन्धमा ।**

- विदुर नगरपालिका सार्वजनिक क्षेत्र सम्बन्धी मापदण्ड, २०८२ को परिच्छेद–२ मा अव्यवस्थित जग्गा समावेश गर्ने, तथा अनुसूची–१ को निम्न बुँदाहरू अन्तर्गत निम्नानुसार संशोधन गर्ने सर्वसम्मत निर्णय गरियो।
  - क) अनुसूची–१ को बुँदा ३ अन्तर्गत रहेको सिँचाइ कुलो सम्बन्धमा, कुलोको हकमा दायाँ र बायाँ ५–५ मिटर कायम गर्ने।
  - ख) अनुसूची–१ को बुँदा ११ अन्तर्गत रहेको धार्मिक क्षेत्रसँग जोडिएको जग्गाको हकमा दायाँ र बायाँ १५–१५ मिटर कायम गर्ने।
- उपरोक्त संशोधनहरू समावेश गरी विदुर नगरपालिका सार्वजनिक क्षेत्र सम्बन्धी मापदण्ड, २०८२ लाई आगामी कार्यपालिकाको बैठकमा निर्णयार्थ पेस गरी उक्त बैठकबाट नै निर्णय गर्ने सर्वसम्मत निर्णय गरियो।

**७.PCL नर्सिङ कार्यक्रम संचालनको भवन छनौट सम्बन्धमा ।**

- PCL नर्सिङ कार्यक्रम संचालनको लागि उपयुक्त भवन विदुर नगरपालिका वडा नं. ८ न रहेको भैरुम मा.वि. हात्तीगौडाको विद्यालय व्यवस्थापन समितिसँग समेत छलफल गरी उक्त कार्यक्रम कार्यान्वयनका लागि जग्गा तथा भवन व्यवस्थापन समितिको संयोजक श्री रविन्द्र नेपाल ज्यूको संयोजकत्वमा मिति २०८२/०१/३०मा बसेको बैठकले निर्णय सहित सिफारिस गरिएकोले आवश्यक प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो।

**८.विविधः**

**क आयोजनाको फरफारक सम्बन्धमा ।**

- योजना शाखाबाट पेश भए बमोजिक ठेक्का प्रक्रियाबाट कार्यन्वयन भएका उपभोक्त समितिबाट निर्णय भएका नगर प्रमुख ज्यूको तोक आदेश बमोजिमको कार्यन्वयमा गएका तपसिलका आयोजनाको फरफारक गरी भुक्तानी दिएको रकम अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :**

१. कामीखोल्लचा कुवापानी जाने सिढीबाटो
२. बरुगाउँ भड्खारो मर्मत उ.स.
३. दशमुरे रानाथोक खानेपानी ट्यांकी निर्माण
४. गैराथोक देखि मनकामना मन्दिर सिढी बाटो निर्माण
५. हस्पिटल भित्रि सडक ब्लक छाप्ने उपभोक्ता समिति

CamScanner

६. कालोमाटो ढकालटार सिढी बाटो योजना
७. भोर्ले खेत सिचाइ योजना
८. मुलधारा काकेटोल हुदै सितारेटोल जाने सिढी ढलान बाटो निर्माण
९. मुलधार काकेटोल जाने सिढी बाटो निर्माण
१०. सहित्य संगम नुवाकोट बार्षिक उत्सव तथा कृति लोकार्पण तथा काव्य गोष्ठी
११. विदुर नगरपालिका वडा नं. ३ मा सावुन बनाउने तालिम
१२. विदुर नगरपालिका वडा नं. ४ मा सावुन बनाउने तालिम
१३. विदुर नगरपालिका वडा नं. १० मा ३ महिने वेशिक व्युटी पार्लर तालिम संचालन
१४. तल्लो पिपलटार हुदै टुटीघाट सम्म जाने सिढी बाटो निर्माण
१५. श्री सिद्देश्वर आधारभूत बिद्यालय शैक्षिक सुधार कार्यक्रम
१६. नुवाकोट तिरतिरे धारामा पाटी निर्माण
१७. शान्ति कल्याण आवि शैक्षिक सुधार कार्यक्रम
१८. तारा नेपाल घर संरक्षण
१९. अमले मझीगाउँ आचार्यटोल खानेपानी ट्याङ्की
२०. घिमिरेटोल पाइप कारखाना मोटरबाटो निर्माण योजना
२१. डाँडागाउँ तथा भोर्लेटार सामुदायिक भवन निर्माण
२२. लामाटार स्कुलदेखि माथिल्लो बरको बोट सम्म जाने गोरेटो सिढी बाटो
२३. नागिन स्थान भोर्ले कृषि सडक
२४. वेत्रावती नयाँ वस्ती जाने सडक ढलान कार्य
२५. शहिद जगत प्रकाश जंग शाह संस्कृत मावि पानी कटाउने कार्य
२६. डाँडा थापाटोल खानेपानी योजना
२७. कुमल्टारमा चौतारा निर्माण उस
२८. छरछरे मुहान भट्टराइ फाट सिचाइ योजना
२९. वृन्दला मार्ग सडक ढलान
३०. आंगवु महादेव खर्क गोरेटो बाटो मर्मत
३१. खानीगाउँ कालीखोला खानेपानी मर्मत र चौतारी देखि सिढी निर्माण योजना अधिकारी टोल मुलावारी
३२. आवी
३३. आगापुटार पार्क निर्माण
३४. नुवाकोट आदर्श बहुमुखि क्याम्पस खेल मैदान घेरावार निर्माण

**ख) उपप्रमुख समेतको बैदेशिक भ्रमण स्वीकृति सम्बन्धमा ।**

- Stony Brook University New York को मिति ५ मे २०२५ को पत्र अनुसार जुलाई ९ २०२५ देखि १० दिने बैदेशिक भ्रमणको लागि नगर उप प्रमुख प्रभा बोगटी ज्यू, वडा नं.१ का वडा अध्यक्ष लेनिन रन्जित ज्यू र वडा नं. ६ का वडा अध्यक्ष श्यामकृष्ण चालिसे ज्यू समेतको सम्पूर्ण खर्चहरु सम्बन्धित University ले व्यहोर्ने गरी निमन्त्रणा प्राप्त भएकोले नगरपालिकालाई कुनै पनि आर्थिक दायित्व नपर्ने गरी वैदेशिक भ्रमण स्वीकृत प्रक्रिया अगाडि बढाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंह दरबार काठमाडौंलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**ग) क्रिकेट रंगशाला निर्माण स्थल सम्बन्धमा ।**

- विदुर नगरपालिका वडा नं ५ माझिटारमा रहेको च्वाडी पब्लिक म वि को नाममा दर्ता कायम रहेको जग्गामा बागमती प्रदेश स्तरीय क्रिकेट रंगशाला निर्माण गर्ने सर्वसंम्मत निर्णय गरियो।

**घ) संघ, प्रदेश र जिल्ला तहका योजनाको भुक्तानी सम्बन्धमा ।**

- संघ, प्रदेश र जिल्ला तहका योजना संचालन गर्दा प्रयोग गरिएका स्थानीय सामग्रीको कर सम्बन्धित वडामा तिरेको एकिन भएपछि मात्र भुक्तानी गर्ने व्यवस्था मिलाउने सर्वसम्वत निर्णय गरियो ।

CamScanner

ङ) चन्द्रज्योती मा वि को जग्गा भाडामा दिने सम्बन्धमा।

➢ विदुर नगरपालिका वडा नं ५ मा रहेको चन्द्रज्योती मा. वि. को जग्गा भाडामा दिने विषयमा "विद्यालय हरुको जग्गा भाडा वा लिजमा दिने कार्यविधि २०८१" मा रहेको प्रावधान अनुसार गर्न अनुमति दिने सर्वसम्मत निर्णय गरियो।

च) गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण सम्बन्धमा ।

➢ गरिव परिवार पहिचान तथा परिचयपत्र वितरणको सन्दर्भमा विदुर नगरपालिकाले वास्तविक गरिव हो होइन एकिन गरेर मात्र परिचय पत्र वितरण गर्ने र यस अधि कही कतैवाट विदुर नगरपालिकाभित्र बसोबास गर्ने वास्तविक गरिब नभएका परिवारले पाएको गरिब परिचयपत्र सम्बन्धीत वडिले छानबिन गरी निस्क्रिय बनाउने सर्वसम्मत निर्णय गरियो।

छ) कोशेली घरको निर्माण,मर्मत सम्भार वा फर्निसिङ सम्बन्धमा ।

➢ घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र कार्यक्रमतर्फ चालु आ.व. २०८१/०८२ मा विविध कार्यक्रम खर्च अन्तर्गत लघु,घरेलु तथा साना उद्यमहरुलाई मागमा आधारित प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत नेपाल सरकार/प्रदेश सरकारबाट अन्तिम बजेटको रुपमा प्राप्त हुन आएको रु १०,००,००० (अक्षरुपी दश लाख) बाट यस विदुर नगरपालिका वडा नं. ४ मा रहेको कोशेली घरको लागि आवश्यक पर्ने कक्ष (बिक्रि लगायत भण्डार) निर्माण, मर्मत सम्भार वा फर्निसिङ लगायतका कार्यमा खर्च गर्ने गरी उक्त कार्यक्रमलाई स्वीकृत गर्ने र उद्योग विकास शाखालाई कार्य गर्न अगाडि बढाउने निर्णय गरियो ।

ज) कृषि हाट बजारको नामाकरण सम्बन्धमा ।

➢ विदुर नगरपालिका वडा नं ९ मा संचालित कृषि हाट बजारको नामाकरण विदुर नगरपालिका / लायन्स कृषि हाटबजार वडा नं ९ राख्ने र विदुर नगरपालिका र लायन्स क्लबले संयुक्त रुपमा १० लाख बजेट बिनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

CamScanner

बैठक संख्या: ११० (एक सय दशऔं)
समय: दिनको १:०० बजे

आज मिति २०८२ जेठ ३० गते शुक्रवारका दिन विदुर नगरपालिकाका नगर प्रमुख श्री राजन श्रेष्ठज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री प्रभा बोगटी | नगर उप-प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बावु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्याम कृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रबिन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री बाबुराम तामाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत बहादुर तामाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिब बहादुर बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तामाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री बिन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री सुभाकर पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

CamScanner